# लेखनाथ नगरपालिका कार्यालय
## तालचोक, कास्की

## आ.ब. २०७१/०७२ को
# अन्तीम लेखापरीक्षण प्रतिवेदन


**तिमिल्सिना एण्ड एसोसियट्स**

प्रमाणपत्र न. ख २१७५

पान नं. ३००९४५८९४

पोखरा-४ ,कास्की

**मितिः- २०७२/९/१३**

**श्री कार्यकारी अधिकृत ज्यू**
**लेखनाथ नगरपालिका कार्यालय**
**तालचोक, कास्की**

***बिषयः-अन्तिम लेखापरीक्षण प्रतिबेदन पेश गरिएको सम्बन्धमा ।***

श्री लेखनाथ नगरपालीका कार्यालय, तालचोक, कास्कीको मिति २०७२/८/१६ को च.न.७३०५ को नियुक्ति पत्रको आधारमा त्यस नगरपालिकाको आर्थिक बर्ष २०७१/०७२ को व्यावस्थापन पक्षवाट पेश हुन आएका श्रेस्ताहरुको आय व्याय विवरण, जिन्सी विवरण र धरौटी तर्फको अन्तीम लेखापरीक्षण सम्पन्न गरिएको छ । बित्तिय बिबरणहरु प्रतिको उत्तरदायित्व नगरपालिका कार्यालयमा निहित रहेको छ । नगरपालिका कार्यालयले तयार गरेका बित्तिय बिबरणहरुको आधारमा लेखापरीक्षण गरी लेखापरीक्षणको क्रममा देखिएका व्यहोराको सम्वन्धमा राय सुझाव दिनु लेखापरीक्षकको उत्तरदायित्व रहेको छ ।

लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षण लेखामानको मापदण्डको आधारमा गरिएको छ । नगरपालिकाले अबलम्बन गरेका लेखा सिद्धान्त, महत्वपूर्ण अनुमान एबं बित्तिय बिबरण प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन पनि लेखापरीक्षणमा समाबेश छ । लेखापरीक्षणबाट दिईएका हाम्रो रायलाई प्रर्याप्त आधार प्रदान गर्ने कुरामा हामी बिश्वस्त छौ ।

**उपरोक्त आधारमा लेखापरीक्षण गर्दा प्रमुख रुपमा निम्न कुराहरु देखिएको छ ।**

क) लेखापरीक्षणको क्रममा लेखापरीक्षण सम्पन्न गर्न आबश्यक सूचना एंब स्पष्टिकरण पाईयो ।
ख) नगरपालिकाले राखेका श्रेस्ताहरु प्रचलित ऐन नियम वमोजिम रहेको पाईयो ।
ग) लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा न.पा.को कारोबार मुल्याङ्कन गर्दा सन्तोषजनक रहेको पाईयो ।

हाम्रो रायमा, यस न.पा.को आर्थिक बिबरणले नेपाल लेखामान तथा सामान्यतया सर्वमान्य लेखाका सिद्धान्तहरु अनुसार नगरपालिकाको आ.व. २०७१/०७२ को आर्थिक स्थिति, तथा सो वर्षको संचालन नतिजा तथा समग्रमा यर्थाथ एंब समुचित चित्रण अन्य संलग्न विवरणले गर्दछ भन्ने ठानिएको छ । देखिएका तथा औल्याईएका कमी कजोरीहरु सुधार तथा कार्यान्वयन हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

यस लेखनाथ नगरपालिका कार्यालयको आर्थिक वर्ष २०७१/०७२ को लेखापरिक्षणको शिलशिलामा हामी लाई सहयोग पु-याउनु हुने नगरपालिका कार्यालयका विभिन्न शाखाहरुमा कार्यरत कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दछौ ।

**तिमिल्सिना एण्ड एसोसियट्स**
**प्रमाणपत्र न. ख २१७५**
**पोखरा-४ ,कास्की**

**पृष्ठभूमी :**

स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ को प्रभावकारी कार्यान्वयन गर्दै विकेन्द्रिकरण मुखी शासन व्यवस्था अनुसार स्थानीय निकायहरुलाई सक्षम जागरुक वनाउदै स्थानीय आवश्यकताको पहिचान गर्ने योजना छनौटमा स्थानीय जनतालाई नै सरिक तुल्याउने स्थानीय श्रोत साधनहरुको अधिकतम उपयोग हुने गरी जनताको अत्यावश्यक चाहनाको पहिचान गर्दै स्थानीय निकायले विकेन्द्रीकरणको माध्यम द्वारा जनतालाई स्वयत्त गराई सुशासनमा अत्याधिक मात्रमा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरुको उपयोग गर्न सक्ने व्यवस्था कायम गर्ने दायित्व प्रदान गर्दै स्थापित विभिन्न नगरपालिका मध्ये लेखनाथ नगरपालिका पनि एक हो । यस नगरपालिकाको आफ्नो कार्यालयको भवन करिव ३७ रोपनी जग्गामा अवस्थित छ । करिव १२३.११ वर्ग किलो मिटरको क्षेत्रफलमा सात तालको वगैचा शहरको नाममा परिचित यस नगरपालिकाको नाम कवि शिरोमणी लेखनाथ पौडेलको नामले अंकित छ ।

**कर्मचारी दरवन्दी र पदपूर्ति :**

यस लेखनाथ नगरपालिकामा नेपाल सरकार तर्फबाट १ कार्यकारी अधिकृत, १ पंञ्जीकराधिकारी लगाएत नगरपालिकाका तर्फबाट ५१ दरबन्दी रहेको पाईयो । हाल यस नगरपालिकामा ५१ जना कार्यरत रहेकोमा २ जना नेपाल सरकारको तर्फबाट, २५ जना नगरपालिकाको तर्फबाट स्थायी पूदपूर्ति र १९ जना करार सेवामा, ४ जना कार्यक्रम तर्फ करार सेवामा रहेको पाईयो । हाल रिक्त रहेका  दरबन्दीहरुमा पदपूर्ति गर्नका लागि विज्ञापन भएको तर परिक्षा स्थगित भएको पाईयो । यस कारणले कर्मचारीहरुको कमि हुन गई कार्यसम्पादनमा तथा कार्यालयको सेवा प्रदान कार्यमा प्रभाव परेको देखियो । तसर्थ हाल करार तथा रिक्त रहेका दरबन्दीहरुमा पदपूर्तिको लागि आवश्यक प्रक्रिया अघी बढाउनु उपयुक्त हुनेछ ।

**लेखा प्रणाली :**

स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम १९ मा नगरपालिकाको लेखा  दोहोरो श्रेस्ता प्रणालीको अधारमा प्रोदभावी कारोवारमा राख्नु पर्ने ब्यबस्था रहेकोमा आ.ब. २०७१/०७२ को श्रेस्ता प्रोदभावी कारोवारमा नराखी दोहोरो श्रेस्ता प्रणालीको अधारमा स्थानीय बिकास मंन्त्रालयले तयार गरेको सफ्टवेयर प्रयोग गरेको पाईयो जसका कारण यस लेखा प्रणालीले नगरपालिकाको वास्तविक आय व्यय तथा सम्पति दायित्वको अवस्था थाहा पाउन नसक्ने देखिन्छ । तर्सथ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियमानुसार प्रोदभावी कारोबारमा लेखा प्रणाली राख्नु  पर्ने देखिन्छ ।

**प्रशासनिक खर्चको हद :-**

स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ३४ मा कर, शुल्क, दस्तुर, भाडावाट उठेको रकम एक करोड रुपैयां भन्दा वढी आम्दानी हुने नगरपालिकाले सो आम्दानी रकमको २५ प्रतिशत ले हुन आउने रकम मात्र प्रशासनिक खर्च गर्नु पर्नेमा प्रशासनिक खर्चको २५ प्रतिशत सिमा भित्र रहन सकेको देखिएन । त्यसैले आन्तरीक श्रोत तर्फको आम्दानीमा अभिबृद्धि गर्न कार्यक्रमहरु नगरपालिकाले संचालन गर्नु पर्ने देखिन्छ ।

**आन्तरीक लेखापरीक्षण :-**

स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली, २०६४ अनुसार आ.ब. २०७१/०७२ को आन्तरिक लेखापरीक्षण भएको पाईयो ।

**कर्मचारी लक बुक :-**

कर्मचारीहरु कार्यालय समयमा विभिन्न कामको सिलसिलामा कार्यालय बाहिर जाने गरेको पाईयो । सो अवस्थामा कर्मचारीहरु कुन प्रयोजनका लागि (व्यक्तिगत वा कार्यालयको काममा) बाहिर गएको हो र कति समय बाहिर जानुपर्ने हो भन्ने अभिलेख राख्न रजिष्टर राखिएको भएपनि सो को उचित र नियमित प्रयोग नभएको पाईयो । कर्मचारीहरु व्यक्तिगत वा कार्यालय, कुन काममा बाहिर रहेको भन्ने थाहा हुन नसकेको पाईयो । सो को कारण कार्यालय समयमा पनि व्यक्तिगत काम हुन गई कार्यालय समयको उपयोग हुन नसक्ने देखिन्छ । तर्सथ कर्मचारी बाहिर जाँदा वा भित्र पस्दा सोको अभिलेख राख्न एक कर्मचारी लग बुक राख्नु पर्ने र प्रभावकारी कार्यान्वयन गर्नु उपयुक्त देखिन्छ । गत बिगत बर्ष देखि नै यी कुराहरु सुझाबको रुपमा आए पनि हालसम्म कार्यान्वयन भएको पाइएन् ।

**सावरी साधनको लगबुक तथा नम्बर प्लेट :-**

हाल यस नगरपालिकाको प्रयोजनका लागि गाडि नं. बा १ झ ७०१६ रहेको अवस्था छ । मोटर गाडी चलेको इन्धन बिल भुक्तानीमा लग बुक सवारी चालकले लेखा शाखामा बुझाउने गरेको पाईयो । तर न.पा. कार्यालयको मोटरसाईकलहरुको लगबुक भरेको पाईएन । यसरी लग बुक नराख्दा कुन प्रयोजनका लागि सवारी साधन प्रयोग भएको हो , प्रति लिटर पेट्रोलले कति कि.मि. चल्ने हो , कति खर्च भएको हो ? आदि विवरण थाहा हुन नसक्ने देखिन्छ । तसर्थ सवारी साधनमा हुने सम्पूर्ण खर्च तथा यसको प्रयोगको विवरण दिने हुँदा लगबुकको प्रयोग अनिबार्य रुपमा राख्नु पर्ने देखिन्छ । साथै न.पा. कार्यालयको मोटरसाईकलमा निजी सवारी

साधनको रातो नम्बर प्लेट प्रयोग गरेको पाईयो । यसले गर्दा सरकारी मोटरसाईकलको दुरुपायोग हुने सम्भावना बढ्ने हुँदा तुरुन्त सरकारी नम्बर प्लेट राख्नु पर्ने देखिन्छ ।

**सफ्टवयर्स प्रणालि :-**

नगरपालिकाले लेखा तथा राजश्वको श्रेस्ता राख्नलाई सफ्टवयर प्रणालि प्रयोग गरेको पाईयो । यसले गर्दा कार्य सम्पादन छिटो हुने देखिन्छ ।

**खरिद प्रक्रिया :-**

यस लेखनाथ नगरपालिकाबाट हुने खरिद तथा सेवा लिने क्रममा विभिन्न विक्रेता वा सेवा प्रदायकहरुसँग सूचिकृत वा मूल्य तुलना गरि कारोबार गरेको पाईएन् । खरिद योजना बनाईएको तर बार्षिक खरिद योजना अनुसार  खरिद प्रकृया नमिलेकोले बार्षिक खरिद योजना अनुसार भिड्ने गरी खरिद कार्य गर्नु पर्ने देखिन्छ ।

**कर्मचारी कल्याण कोष :-**

लेखनाथ नगरपालिकामा कार्यरत कर्मचारीहरुमा सेबा निबृत्त हुँदा  प्रदान गरिने उपदान, औषधि उपचार खर्च तथा संचित घर र  बिरामी बिदा संचितको रकम उपलब्ध गराउने हेतुले यस कोषको स्थापना गरिएको छ । यस कोषमा कार्यालयको तर्फबाट हरेक वर्ष प्रत्येक कर्मचारीको १ महिनाको तलब बराबरको रकम छुट्याउने गरिएको पाईयो । आ.व. २०७१/०७२ सम्मको कुल रु.६३,७५,१३४।५५ मा रु.६,६१,०४५।५५ खर्च, रु.३८,९६,०००।०० कर्मचारीहरु विच लगानी र कर्मचारी कल्याण कोषको रकम रु.१८,२६,१४१।२८ कामना विकास बैंकको खाता नं. ०१०८० A मा रहेकोमा रु.८,०५२।२८ कर भुक्तानी दायित्व बाँकी देखिन्छ ।

**जिन्सी :-**

जिन्सीको लगत राख्नको लागि प्रशासन शाखा अर्न्तगत जिन्सी इकाई रहेको पाईयो । सो इकाईले प्रचलित नियमनुसार जिन्सी श्रेस्ता राख्ने गरिएको, वार्षिक रुपमा जिन्सी मौज्दात विवरण तथा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी राख्ने गरिएको पाईयो । गत आ.ब. २०७१/०७२ देखि जिन्सी इकाईमा सफ्टवयर प्रयोग गरेको पाईयो । जिन्सी तर्फ खर्च भएर जाने र खर्च भएर नजाने खाताहरुको हार्ड कपीलाई किताबी रुपमै बनाई गत बर्ष र यस बर्षको अ. ल्या. भिडान गरेर  प्रमाणित गरी राख्नु पर्ने देखिन्छ ।

**मर्मत संभार :-**

यस नगरपालिका कार्यालयमा विभिन्न सामानहरु (जस्तै फर्निचर , सवारी साधन , कम्प्यूटर, अन्य उपकरणहरु) मर्मत हुने गरेको पाईयो । सोको विवरण लेखा शाखमा बुझाउने गरिएको पाईयो । तर पुरानो सामानको सट्टा नयाँ सामान राख्दा सो पुरानो सामानको विस्तृत अभिलेख नभएको पाईयो । योसो हुँदा पुरानो सामान पून प्रयोग हुन सक्ने भए सोको दुरुपयोग हुन सक्ने सम्भावना रहन्छ । यसो हुन नदिन फेरिएका पुराना सामान तथा लागतको विवरण राखि सोमा हुने खर्च नियन्त्रण गर्न उचित हुने देखिन्छ । साथै पुराना सामानहरुको पुन प्रयोग हुनसक्ने भए सो प्रयोग गरी खर्च नियन्त्रण गर्नु उपुक्त देखिन्छ । कार्यालय लगायत अन्य थुप्रै शिर्षकमा मर्मत खर्च गरेको देखिन्छ तापनी प्राय जसो शौचालयमा विग्रेका टायलहरु, धाराका टुटीहरु,भत्के तथा बिग्रका भबन जस्ताका तस्तै देखिन्छन् । रङ्गरोगन कार्य तथा कार्यलयको सरसफाई मा समेत प्रभावकारी तवरले कार्य भएको पाईएन्

**नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि (MCPM)**

नेपाल सरकारको आ.व. २०६३/०६४ को बजेट वक्तव्य अनुरुप स्थानीय स्रोत परिचालन बढाउन र प्राप्त साधनको प्रभावकारी उपयोग गर्न बढवा दिने उद्देश्यले स्थानीय निकायमा कार्य सम्पादनका आधारमा नेपाल सरकारले दिने अनुदान घटबढ गर्ने नीति अवलम्बन गरेको छ । यस अनुसार स्थानीय निकायहरुलाई कानुन बमोजिम प्रदान गरिएको जिम्मेवारी र अधिकार बमोजिम स्थानीय निकायले कार्य सम्पादन गरे नगरेको मुल्यांकन गरी स्थानीय निकायलाई दिईने अनुदान थपघट गर्ने गरेको छ । यसमा न्यूनतम शर्ततर्फ १० वटा सूचकहरु र कार्य सम्पादन मापन तर्फ ५ वटा कार्यक्षेत्र अन्तर्गत ४० वटा सूचकहरु निर्धारण गरिएको छ । जस अनुसार नगरपालिकाले न्यूनतम शर्त तर्फ सम्पूर्ण १० वटा सूचक नै पुरा गर्नु पर्छ भने कार्यसम्पादन तर्फ उत्कृष्ट नम्बर प्राप्त गर्न सकेमा मात्र १०% देखि २०% सम्म अनुदान थप हुन सक्ने व्यबस्था गरेको छ । MCPM ले निर्धारण गरेका सूचकहरुलाई पुरा गर्न सूचक संग सम्वन्धित कार्यक्रम तथा योजना संचालनका लागि आवश्यक बजेट विनियोजन गरी प्रभाबकारी रुपमा कार्यन्वयन गरी पुरस्कृत हुन सकेमा राम्रो हुने थियो ।

**पेश्कि :**

आर्थिक वर्ष २०७१/०७२ को अन्तसम्म बाँकी रहेको पेश्की रु.१,२४,५०,१११।६८ नियमानुसार यथासक्य फछ्र्यौट गर्नु पर्ने देखिन्छ ।

**आर्थिक कारोवारको समग्र स्थिती :**

यस नगरपालिकाले आ.व. २०७१/०७२ गत आ.व.को अ.ल्या. रु.९,४८,१८०।७५, आन्तरीक श्रोत बाट रु.२,५५,६३,४१४।३१ र विभिन्न बाह्रय श्रोतबाट रु.१७,८४,३१,३६७।४२ समेत जम्मा रु. २०,४९,४२,९६२।४८ प्राप्त गरी सो आर्थिक वर्षमा प्रशासनिक खर्च रु.१,८१,६१,८२५।८८ र कार्यक्रम खर्च रु.४,६६,५१,३०९।२५ जम्मा चालु खर्च रु.६,४८,१३,१३५।१३ र पुँजिगत खर्च रु. १०,२९,३७,४७४।२६ खर्च भई जम्मा रु.१६,७७,५०,६०९।३९ खर्च भएको र आ.व.को अन्तमा नगद मौज्दात ०।००. र बैंक मौज्दात रु.३,७१,९२,३५३।०९ गरी जम्मा मौज्दात रु.३,७१,९२,३५३।०९ समेत गरी रु.२०,४९,४२,९६२।४८को कूल कारोबार भएको देखिन्छ ।

**१. बजेट उप-शिर्षक नं.३६५८०३३ (नगरपालिका अनुदान पूँजिगत)**

नगरपालिका अनुदान तर्फको २६३२१ पूँजीगत अनुदान तर्फको नेपाल सरकार तर्फको रु. २,०८,८७,०००।००, को अख्तियारी प्राप्त भएकोमा रु.१,६६,२४,५८४।०० खर्च भई बाँकी रु. ४२,६२,४१६।०० फ्रिज र पेश्की तथा बेरुजु नभएको देखिन्छ ।

**२. स्थानिय विकास शुल्क कोष बजेट शिर्षक नं. ३६५८१७३**

स्थानीय विकास शुल्क कोष तर्फको बजेट उप शिर्षक २६३११ तर्फ रु. ५१,५०,०००।- बजेट उप शिर्षक २६३२२ तर्फ रु.६०,८०,०००।-अख्तियारी प्राप्त भएकोमा उप-शिर्षक २६३११ तर्फ रु. ५१,५०,०००।- बजेट उपशिर्षक २६३२२ तर्फ रु.६०,८०,०००।- समेत गरि जम्मा रु.१,१२,३०,०००।- खर्च र पेश्की तथा बेरुजु नभएको देखिन्छ ।

**३. शहरी शासकीय क्षमता विकास कार्यक्रम बजेट शिर्षक नं. ३४७३१६३**

शहरी शासकीय क्षमता विकास कार्यक्रम तर्फ उप शिर्षक नं. २६३२१ निशर्त पूँजिगत अनुदान तर्फ आई.डि.ए. सोधभर्ना ऋण तर्फ रु.१,२८,८३,२००।- र आई.डि.ए. सोधभर्ना सहायता अनुदान तर्फ रु.१,०५,४०,८००।- गरी जम्मा रु.२,३४,२४,०००।- को अख्तियारी प्राप्त भएकोमा आई.डि.ए. ॠर्ण

तर्फ रु.९०,२०,३९९।- र आई.डि.ए. सहायता तर्फ रु.१,०५,४०,८००।- गरी जम्मा रु.१,९५,६१,१९९।०० खर्च भई आई.डि.ए. ऋण तर्फको रु. ३८,६२,८०१।- फ्रिज भएको र पेश्की तथा बेरुजु नभएको देखिन्छ ।

**४. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु बजेट शिर्षक ३६५८१९३**

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु तर्फ खर्च शिर्षक नं. २६३१२ सशर्त चालु मा रु.६५,२६,६००।- र उप शिर्षक नं. २२५१२ मा रु.७५,०००।- गरि जम्मा रु.६६,०१,६००।- को अख्तियारी प्राप्त भएकोमा उप शिर्षक नं. २६३१२ सशर्त चालु तर्फ रु.३२,९५,६६०।- खर्च भै रु.३३,०५,९४०।- फिज भएको र पेश्की तथा बेरुजु नभएको देखिन्छ ।

**५. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु बजेट शिर्षक ३६५८१९४**

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम पूँजिगत तर्फ खर्च शिर्षक नं. २९५११ मा रु.२,००,०००।- को अख्तियारी प्राप्त भएको मा रु. २,००,०००।- खर्च भएको र पेश्की तथा बेरुजु नभएको देखिन्छ ।

**६. बजेट उप-शिर्षक नं.३४९८०१३ (स्थानीय शान्ति समिति कार्यक्रम)**

स्थानीय शान्ति समिति तर्फको खर्च शिर्षक नं. २२५२२ कार्यक्रम खर्च तर्फ रु.४५,०००।००, को अख्तियारी प्राप्त भएकोमा रु.४५,०००।००, खर्च भएको र पेश्की तथा बेरुजु नभएको देखिन्छ ।

**७. बजेट उप-शिर्षक नं.३४७३५२३ (फोहोर मैला व्यवस्थापन कार्यक्रम)**

फोहोर मैला व्यवस्थापन कार्यक्रम तर्फको खर्च शिर्षक नं.२६३१२ चालु तर्फको नेपाल सरकार तर्फको रु.५,००,०००।००, को अख्तियारी प्राप्त भएकोमा रु.३,७१,०१५।०० खर्च भई बाँकी रु. १,२८,९८५।०० फ्रिज भएको र पेश्की तथा बेरुजु नभएको देखिन्छ ।

**८. बजेट उप-शिर्षक नं.३६५८४६३ (बातवरण मैत्री स्थानीय शासन कार्यक्रम )**

बातवरण मैत्री स्थानीय शासन कार्यक्रम चालु तर्फको खर्च शिर्षक नं.२६३१२ चालु तर्फको वैदेशिक श्रोत, वेलायत ,सोझै भुक्तानी अनुदान तर्फको रु.१,२९,२०,०००।०० को अख्तियारी प्राप्त भएकोमा

रु.२६,१०,६७१।२८ खर्च भई बाँकी रु. १,०३,०९,३२८।७२ नगरपालिका कोष तर्फ मुल खातामा मौज्दात रहेको र पेश्की तथा बेरुजु नभएको देखिन्छ ।

**९. बजेट उप-शिर्षक नं.३६५८४६४ (बातवरण मैत्री स्थानीय शासन कार्यक्रम )**

बातवरण मैत्री स्थानीय शासन कार्यक्रम पूँजिगत तर्फको खर्च शिर्षक नं.२९५११ मेशिनरी औजार तर्फको वैदेशिक श्रोत, वेलायत ,सोझै भुक्तानी अनुदान तर्फको रु.९०,०००।०० को अख्तियारी प्राप्त भएकोमा रु. ९०,०००।०० खर्च भएको र पेश्की तथा बेरुजु नभएको देखिन्छ ।

**१०. बजेट उप-शिर्षक नं.३६५०१५३ (जे.ना.ए.म.अ.लो.जा.द.वालवालिका सामाजिक सुरक्षा कार्यक्रम )**

जे.ना.ए.म.अ.लो.जा.द.वालवालिका सामाजिक सुरक्षा कार्यक्रम तर्फको खर्च शिर्षक नं.२७११ सामाजिक सुरक्षा सेवा सर्शत तर्फको रु.२,८२,४१,९२०।०० को अख्तियारी प्राप्त भएकोमा रु.२,६१,७७,६७०।०० खर्च भै रु.२०,६४,२५०।०० फ्रिज भएको र पेश्की तथा बेरुजु नभएको देखिन्छ ।

**धरौटी :**

यस कार्यलयमा रहेको धरौटी खाता अध्यावधिक गरिएको देखिन्छ । यसमा गत आ.व.को अ.ल्या. रु.६,२८,८१९।२२ चालु आ.व.को आम्दानी रु.१७,५५,९३८।१३ गरि जम्मा रु.२३,८४,७५७।३५ धरौटी आम्दानी भएकोमा सदर स्याहा रु.२२,९००।०० , फिर्ता रु.५,५९,९४२।०० भै नेपाल राष्ट्र वैंकमा रहेको धरौटी खाता नं. १८०४७०३-००१-०३०-५२४ मा रु.१७,८१,९१५,३५ मौज्दात रहेको र उक्त रकम अन्यत्र कतै खर्च गरिएको छैन् ।

**नगरपालिका साझेदारी विकास कोष तथा गरीबी न्यूनिकरण कोष तर्फ :**

नगरपालिका साझेदारी विकास कोष तथा गरीबी न्यूनिकरण कोष बाट गरिबी न्यूनिकरण तथा आय आर्जनको उद्धेश्यले गत आ.ब. मा रु ६१,३५,०००।- ऋण लगानी भएको देखियो । साथै बिगत आ.ब. हरु सहितको फिल्डमा लगानी मा रहेको रकम रु १,०५,१४,३२४ देखियो । नगरपालिका साझेदारी विकास कोष तथा गरिबी न्यूनिकरण कोष बाट लगानी भएको उल्लेखित ऋण असुलिका लागि ताकेता गर्नु पर्ने देखिन्छ ।

**अन्य :**

यस आर्थिक वर्ष २०७१/०७२ मा नगरपालिका द्धारा संचालन गरिएका विभिन्न कार्यक्रम तथा योजनाहरुको भुक्तानीमा नियमानुसार कर कट्टा गरी आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्ने कार्य लेखा शाखाबाट नियमित रुपमा संपन्न भएको देखियो । भ्याट बिल द्धारा खरिद गरिएका सम्पूर्ण बिलहरुको रकम भ्याट कार्यालय लाई जानकारी दिनु पर्नेमा कुन पाटी/व्यबसायीले के कति भ्याट रकम यस कार्यालय बाट बुझिलिए सो सम्बन्धि कुनै पनि बिल रकमको जानकारी आन्तरिक राजश्व कार्यालयमा पठाईएको पाईएन । यस प्रकारको बिबरण अनिबार्य रुपमा आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने देखिन्छ ।

नगरपालिका द्धारा संचालित धेरै जसो योजनाहरु उपभोक्ता समिति मार्फत कार्य सम्पन्न हुने हुँदा ती योजनाहरु लाई उद्देश्यनुसार सम्पन्न गराउन नगरपालिकाबाट नियमित रुपमा प्राविधिक तथा अन्य सहयोग एवं निरिक्षणको आवश्यकता देखिन्छ ।

नगरपालिकाले अल्पकालिन तथा दिर्घकालिन रुपमा नगरको फोहोर व्यवस्थापन गर्ने योजना तत्काल बनाउनु पर्ने देखिन्छ । अन्यथा फोहोर व्यवस्थापन समस्याले निकै विकराल रुप लिन सक्छ । नगरपालिकाले नगरबासीहरुको आर्थिक उन्नति बढाउन स्वरोजगार तथा गरिबी न्यूनिकरण गर्ने कार्यक्रमहरु संचालन गर्न यथेष्ट बजेट बिनियोजन गरी प्रत्यक्ष लाभ हुने कार्यक्रमहरु संचालन गर्न आबश्यक देखिन्छ ।

## बेरुजु , सुझाब तथा टिप्पणी :-

**हामीले अन्तिम लेखापरीक्षण गर्ने क्रममा देखिएका तथा प्राप्त भएका विवरणहरुको आधारमा संक्षिप्त रुपमा सुझाव तथा टिप्पणीहरुका साथै बेरुजुहरु पनि औल्याएका छौं जुन यस प्रकार रहेको छ ।**

**कार्यक्रमको नाम/क्षेत्र : पूर्वाधार तथा संरचना विकास तर्फ**

| सि.नं. | गो.भौ.नं. | मिति | अन्तिम लेखा परीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने रकम रु | असुल गर्ने रकम रु | पेश्कि रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| १. | २४ | २०७१/८/२३ | लेखनाथ नगरपालिका कार्यालयको लागि एक थान मोटरसाईकल खरिद गरी रु २,१६,४५०।- भुक्तानी गरेको देखियो । स्थानीय निकाय आर्थिक प्रशासन निमामबली, २०६४, को नियम ७६ अनुसार रु १ लाख ५० हजार सम्मको मात्र मालसामान सोझै बजार बाट खरिद गर्ने व्यबस्था भएको | २,१६,४५०।- | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | र नियमाबलीको नियम ७७ अनुसार रु १ लाख ५० हजार भन्दा माथि रु १० लाख सम्मको मालसामान खरीद गर्दा सिलबन्दी दरभाउँ पत्र आब्हान गर्नु पर्ने व्यबस्था भएकोमा सो अनुसार भएको नदेखिएकोले नियमित गर्नु पर्ने । | | | | | |
| २. | ५२ | २०७१/१०/२७ | कवि शिरोमणी जन्मस्थल विकास योजनाको प्रथम रनिङ बिल, प्राबिधिक बाट उठाई बिल भुक्तानी भएको देखियो । कार्य सम्पन्न भएको काम आईटम अनुसार Detail bill उठाउँनु पर्नेमा एकमुष्ट लमसम मा बिल उठाएको देखियो । जस्तै रेलिङ, भरयाङ, सिजीआई छाना भनेर लमसममा रु ३,०२,०००।- को बिल उठाएको देखियो । मेमोरियल म्युजियम अफ कवि एण्ड सिनरी भनेर रु ५०,०००।- को एकमुष्ट लमसम मा बिल उठाएको देखियो । बिबिध काम भनेर, कामको नाम उल्लेख नगरी रु ४,०००।- को बिल उठाएको देखियो । होर्डिङ बोर्डको साईज गेज केहि नखोली एकमुष्ट रु ४,७५०।- का दरले १० वटाको एकमुष्ट रु ४७,५००।- को विल उठाएको देखियो । काठको भरयाङको लम्बाई चौडाई उल्लेख नगरी एकमुष्ट रु ११,०००।- को बिल उठाएको देखियो । बुक रयाक भनेर २ वटाको एकमुष्ट रु ३४,०००।- को बिल उठाएको देखियो । यसरी एकमुष्ट लमसम मा बिल नउठाई Detail मा आईटम अनुसार Breakdown गरी बिल उठाउँनु पर्नेमा सो नगरेको देखिएकोले, नियमानुसार Detail मा आईटम अनुसार Breakdown गरी बिल उठाएर नियमित गर्नु पर्ने । | ४,४८,५००।- | | | | |

**कार्यक्रमको नाम/क्षेत्र : संगठन तथा प्रशासन तर्फ**

| सि.नं. | गो.भौ. नं. | मिति | अन्तिम लेखा परीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने रकम रु | असुल गर्ने रकम रु | पेश्कि रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| १. | ११३ | २०७१/९/११ | एकिकृत सम्पतिकर व्यबस्थापन अन्तर्गत इलाईट टेक्नोलोजी प्रा.ली. सँग एकिकृत सम्पतिकर, व्यबसायकर सम्बन्धि एस एम एस सफ्टवयर्स रु ४ लाख ५० हजारमा सोझै खरीद गरेको देखियो । स्थानिय निकाय आर्थिक प्रशासन निमामबली, २०६४, को नियम ७६ अनुसार रु १ लाख ५० हजार सम्मको मात्र मालसामान, सेवा, निर्माण कार्य सोझै बजार बाट खरिद गर्ने व्यबस्था भएको र नियमाबली नियम ७७ अनुसार रु १ लाख ५० हजार भन्दा माथि रु १० लाख सम्मको निर्माण कार्य, मालसामान, सेवा, खरीद गर्दा सिलबन्दी दरभाउँ पत्र आब्हान गर्नु पर्ने व्यबस्था भएकोमा सो अनुसार भएको नदेखिएकोले नियमित गर्नु पर्ने । राजश्व शाखामा बुझ्दा २०७२/९/१३ गते (एक बर्ष) सम्म पनि उक्त भुक्तानी दिएको रकमको कुनै पनि कार्य भएको देखिएन । उक्त काम नियम संगत सम्पन्न गरी नियमित गर्नु पर्ने । | ४,५०,०००।- | | | | |

**कार्यक्रमको नाम/क्षेत्र : शहरी सुशासन तथा विकास कार्यक्रम (UGDP) तर्फ**

| सि.नं. | गो.भौ. नं. | मिति | अन्तिम लेखा परीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने रकम रु | असुल गर्ने रकम रु | पेश्कि रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| १. | ३ र ९ | २०७१/५/१५ | शान्ति प्रा.बि. लेखनाथ न.पा. ८ लाई भवन निर्माणको लागि रु १९,६६,४९९।६७ भुक्तानी भएको देखियो । प्राप्त बिलमा सिमेन्ट र रडको नाम नै उल्लेख भएको देखिएन । नाम र ब्राण्ड नै नखुलेको सिमेन्ट र रड प्रयोग गर्दा गुणस्तरीय निर्माण कार्य भएको भन्ने आधार देखिएन । नेपाल गुणस्तर चिन्ह प्राप्त सामग्री प्रयोग | १९,६६,४९९।६७ | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | गर्नु पर्नेमा ब्राण्ड नै नखुलेको सामग्री प्रयोग गर्दा निर्माण कार्य गुणस्तर भएको मान्न सकिएन । गुणस्तर जाँच गरी नियमित गर्नु पर्ने । भौ.नं. ३ बाट रु ८,२४,२६८।६७ र भौ.नं. ९ बाट रु ११,४२,२३१।- | | | | | |
| २. | २१ | २०७१/११/२८ | यूजिडिपी अन्तर्गत बाटो निर्माण कार्यको लागि गौरी पार्वति निर्माण सेवा प्रा.लि. लाई रु ७३,००,०००।- मोबिलाईजेसन दिएको देखियो । नगरविकास कोष बाट मोबिलाईजेसनको लागि रु ६५,७०,०००।- निकासा भएको देखिन्छ । १०% रकम उपभोक्ताबाट सभहाभगिता जुटाउँने, नगरपालिकाको निर्णय अनुसार, लागत सहभागिता जुटाई दिनु पर्नेमा, लागत सहभागिता संकलन नगरीकन मोबिलाईजेसन रकम ठेकेदारलाई भुक्तानी दिएको देखियो । यसरी नगरपालिकाको निर्णय अनुसार उपभोक्ता बाट लागत सहभागिता संकलन नगरी भुक्तानी दिदै गएमा नगरपालिका ऋणको बोझ थपिदै जाने देखिन्छ । साथै तल्लो बर्गका लागि संचालन भएका स-साना योजना तथा जडेगा कोषका योजनामा १५% देखि ५०% सम्म लागत सहभागिता, उपभोक्ता बाट संकलकन गर्ने व्यबस्था नरपालिकाले गरे अनुसार लागत सहभागिता जुटाएर काम गर्ने गरेको तर करोडौको योजनामा लागत सहभागिता संकलन नगर्दा न्याय संगत हुने देखिदैन । साथै नगरपालिकाको निर्णय अनुसार लागत सहभागिता संकलन गर्न पहल गरेको देखिएन । नगरपालिकाको निर्णय अनुसार लागत सहभागिता संकलन गरेर मात्र भुक्तानी दिनु हुन सुझाब दिईन्छ । नगरपालिकाको निर्णय अनुसार लागत सहभागिता जुटाई नियमित गर्नु पर्ने । | | | | | |

## कार्यक्रमको नाम/क्षेत्र : बिशेष कोष व्यबस्थापन तर्फ

| सि.नं. | गो.भौ.नं. | मिति | अन्तिम लेखा परीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने रकम रु | असुल गर्ने रकम रु | पेश्कि रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| १. | ५ | २०७१/१०/१३ | लेखनाथ नगरपालिका कार्यालयको भवन मर्मत, रङ्गरोकनको खर्च रु १,५५,०५४।६३ भुक्तानी भएको देखियो । स्थानिय निकाय आर्थिक प्रशासन निमामबली, २०६४, को नियम ७६ अनुसार रु १ लाख ५० हजार सम्मको मात्र मालसामान, सेवा, निर्माण कार्य सोझै बजार बाट खरिद गर्ने व्यबस्था भएको र नियमाबली नियम ७७ अनुसार रु १ लाख ५० हजार भन्दा माथि रु १० लाख सम्मको निर्माण कार्य, मालसामान, सेवा, खरीद गर्दा सिलबन्दी दरभाउँ पत्र आब्हान गर्नु पर्ने व्यबस्था भएकोमा सो अनुसार भएको नदेखिएकोले नियमित भएको मान्न सकिएन । | १,५५,०५४।६३ | - | | | |

## कार्यक्रमको नाम/क्षेत्र : कृषि बन तथा वातावरण तर्फ

| सि.नं. | गो.भौ.नं. | मिति | अन्तिम लेखा परीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने रकम रु | असुल गर्ने रकम रु | पेश्कि रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| १. | ३५ | २०७२/२/३२ | वातावरणमैत्री भिमुखिकरण कार्यक्रममा ३१,५००।- खर्च भएको तर सार्बजनिक परीक्षण नभएको । | | - | | | |
| | ४२ | २०७२/३/१४ | वातावरणमैत्री सँग सम्बन्धित तथ्याङ्क संकलन गरेको संकलित तथ्याङ्कको प्रतिबेदन, तालिम कार्यक्रम गरी रु ७२,०००।- खर्च भएको तर सार्बजनिक परीक्षण नभएको । | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ७० | २०७२/३/२६ | वडास्तरीय सरसफाई समिति गठन र तालिम कार्यक्रमको लागि रु १,२३,२९०।- खर्च भएको तर सार्बजनिक परीक्षण नभएको ।<br><br>२१ औं नगरपरिषदको निर्णय नं. ५० र स्थानिय निकाय आर्थिक प्रशासन नियमाबली, २०६४, को नियम २०१ अनुसार सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सार्बजनिक परीक्षण गर्नु पर्ने व्यबस्था भएकोमा, सो अनुसार सार्बजनिक परीक्षण गर्नका लागि सुझाब दिईन्छ । | | | | | |

## कार्यक्रमको नाम/क्षेत्र : भूमी तथा जलश्रोत तर्फ

| सि.नं. | गो.भौ. नं. | मिति | अन्तिम लेखा परीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने रकम रु | असुल गर्ने रकम रु | पेश्कि रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| १ | ३३ | २०७२/३/२२ | कवि शिरोमणी जन्मस्थल विकास योजनाको रु २,९७,५१४।- कार्य गर्दा प्राबिधिकले कार्य सम्पन्न प्रतिबेदनमा लमसममा बिल उठाएको देखियो । लमसममा बिल नउठाई Detail मा Breakdown गरी कार्य सम्पन्न प्रतिबेदन बनाउँनका लागि सुझाब दिईन्छ । | | - | | | |

## कार्यक्रमको नाम/क्षेत्र : स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ

| सि.नं. | गो.भौ. नं. | मिति | अन्तिम लेखा परीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने रकम रु | असुल गर्ने रकम रु | पेश्कि रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| १ | ३३ | २०७२/३/१९ | CRWODS नेपाल लाई सामाजिक परिचालनको कार्यक्रमको खर्च रु ७५,०००।- भुक्तानी दिएको देखियो । स्थानिय निकाय आर्थिक प्रशासन निमामबली, २०६४, को नियम २०१ र २१ औं नगरपरिषदको | | - | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | निर्णय नं. ५० अनुसार सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सार्बजनिक परीक्षण गर्नु पर्ने व्यबस्था भएकोमा, सो अनुसार सार्बजनिक परीक्षण गरेको देखिएन् । सार्बजनिक परीक्षण गराएर मात्र भुक्तानी दिनु हुन र भुक्तानी भैसाकेको कार्यक्रमहरुमा पनि सार्वजनिक परीक्षण गराई नियममित गराउँनु पर्ने देखिन्छ । | | | | | |

**कार्यक्रमको नाम/क्षेत्र : स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम मेशिनरी औजार तर्फ** :

| सि.नं. | गो.भौ. नं. | मिति | अन्तिम लेखा परीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने रकम रु | असुल गर्ने रकम रु | पेश्कि रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| १ | २ | २०७१/१२/१० | बजार बाट सोझै डेल ल्यापटप कम्पयुटर २ थान रु १,९९,२००।- मा खरिद गरेको देखियो । स्थानिय निकाय आर्थिक प्रशासन निमामबली, २०६४, को नियम ७६ अनुसार रु १ लाख ५० हजार सम्मको मात्र मालसामान सोझै बजार बाट खरिद गर्ने व्यबस्था भएको र नियमाबलीको नियम ७७ अनुसार रु १ लाख ५० हजार भन्दा माथि रु १० लाख सम्मको मालसामान खरीद गर्दा सिलबन्दी दरभाउँ पत्र आब्हान गर्नु पर्ने व्यबस्था भएकोमा सो अनुसार भएको नदेखिएकोले नियमित गर्नु पर्ने । | १,९९,२००।- | - | | | |

**कार्यक्रमको नाम/क्षेत्र : राजश्व तर्फ :**

| सि.नं. | गो. भौ. नं. | मिति | अन्तिम लेखा परीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने रकम रु | असुल गर्ने रकम रु | पेश्कि रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | २०७२/३/१८ गते देखि २०७२/३/३१ गते सम्मको | लेखनाथ नगरपालिका कार्यालयको राजश्व शाखामा जम्मा भएको आन्तरीक आय तर्फका बैंक जम्मा हुन बाँकी रु २३,०५,७५६।४६ तुरुन्त सोहि मितिमा बैंक जम्मा गर्नु थियो तर सो मितिमा जम्मा नभै पछि मात्र जम्मा गरेको देखिएकोले गत आ.ब.को आन्तरीक आय लेखा शाखाको प्रतिबेदनमा कम आय भएको देखियो । | २३,०५,७५६।४६ | - | | | |
| २. | | | यति ठुलो रकम बैंक जम्मा नगरी के कति कारणले नगद मौज्दात राखिएको हो । स्पष्ट हुन सकिएन् । राजश्वको हकमा सोहि दिन प्राप्त राजश्व लाई सोहि दिनमा नै बैंकमा दाखिला गर्नु पर्ने हुन्छ । यदि सो दिनमा नभ्याएमा भोलिपल्ट तुरुन्तै बैंक जम्मा गर्नु पर्नेमा बैंक जम्मा गरिएको देखिएन् । यो अति नै संबेदनशिल कुरा भएकोले राजश्व शाखा, आर्थिक प्रशासन शाखा, आलेप शाखा लगाएत कार्यालय प्रमुख ज्यूको पनि ध्यानाकर्षण गर्न चाहन्छु । | | | | | |
| ३. | | | राजश्व शाखामा उल्लेखित कुराको बारेमा सोधनी हुदा कार्यालय समय सम्म नै रसिद काटि रकम बुझिलिनु पर्ने भएको कारणले बैंक जम्मा गर्न नभ्याईएको भन्ने बुझिएकोले अबका दिनहरुमा मिले सम्म मिलाएर एउटा निश्चित समय सम्म कर तथा राजश्व लिने र बाँकी समयमा सोहि दिन बैंक जम्मा गर्न अति नै आबश्यक देखिन्छ । | | | | | |
| ४ | | | राजश्व शाखा भएको सम्पूर्ण आम्दानी लेखा शाखा, आ.ले.प. शाखा र कार्यालय प्रमुख बाट दैनिक रुपमा प्रमाणित गरी राख्नुपर्ने देखिन्छ । | | | | | |

## *पेश्किको अबस्था :*

| सि.नं. | गो. भौ. नं. | मिति | अन्तिम लेखा परीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने रकम रु | असुल गर्ने रकम रु | पेश्कि रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| १. | | | पेश्कि रकम समयमा नै फछ्र्यौटका लागि आबश्यक पहल गर्नु पर्ने देखिन्छ । बाँकी पेश्किको बिबरण यसै प्रतिबेदन साथ समलग्न छ । | १,२४,५०,१११।६८ | | ३,५५,१६८।५९ | १,२०,९४,९४३।०९ | |
| | | | | | | | | |

## *सुझाब :*

१. स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली, २०६४ को नियम ७१ को उपनियम २ (क) बमोजिम रु ५,०००।- भन्दा माथिको सामान खरिद गर्दा भ्याट बिल बाट खरिद गर्नु पर्ने स्पष्ट व्यबस्था हुँदा हुँदै रु ५,०००।- भन्दा बढि रकमको खरिद पनि भ्याटमा दर्ता नभएको फर्म बाट पनि खरिद गरेको देखिएकोले भ्याटमा दर्ता भएको फर्म बाट मात्र खरिद गर्नु हुन सुझाब दिईन्छ ।

२. भ्याट बिल द्धारा खरिद गरिएका सम्पूर्ण बिलहरुको रकम भ्याट कार्यालय लाई जानकारी दिनु पर्नेमा कुन पाटी/व्यबसायी ले के कति भ्याट रकम नगरपालिका कार्यालय बाट बुझिलिए सो सम्बन्धि कुनै पनि बिल रकमको जानकारी आन्तरीक राजश्व कार्यालयमा पठाईएको छैन् । यस प्रकारको बिबरण अनिबार्य रुपमा आन्तरीक राजश्व कार्यालयमा पठाउँनु हुन सुझाब दिईन्छ ।

३. कार्यालयको सामान, कम्प्युटर, गाडी मर्मत गर्दा उक्त सामान प्रयोग गर्ने कर्मचारीको मर्मतको बिलमा भुक्तानी दिनु अघि माग गर्ने तथा प्रयोग गर्ने कर्मचारी र कार्यालय प्रमुखको दस्तखत अनिबार्य रुपमा गर्नु पर्नेछ ।

४. वातावरण मैत्रि स्थानीय शासन तर्फको कार्यक्रमको, लक्षित बर्गको तर्फको बालबालिका शिर्षक तर्फको बिभिन्न कार्यक्रमको, महिला तर्फको कार्यक्रमको र जेष्ठ नागरिकको कार्यक्रमको सार्बजनिक परीक्षण नगरी भुक्तानी दिएको देखियो । २१ औं नगरपरिषदको निर्णय नं. ५० र ५१ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमाबली, २०६४, को नियम २०१ अनुसार सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सार्बजनिक परीक्षण गरी, भुक्तानी गर्नु पर्ने व्यबस्था भए अनुसार गर्नु हुन सुझाब दिईन्छ ।

५. योजना तथा कार्यक्रम संचालन गर्दा गुणस्तर नियन्त्रणको सुनिश्चित गरी भुक्तानी दिने व्यबस्था गर्नु हुन सुझाब दिईन्छ ।

६. बजेट खर्च गर्दा मितव्ययिता, प्रभाबकारिता, औचित्यता अपनाई सबै योजना तथा कार्यक्रम संचालन गर्नु पर्नेमा, केहि योजना तथा र्काक्रमहरुमा मितव्ययिता, प्रभाबकारिता, औचित्यता अपनाईएको पाईएन । सम्पूर्ण योजना तथा कार्यक्रम संचालनका लागि बजेट खर्च गर्दा मितव्ययिता, प्रभाबकारिता, औचित्यता अपनाई खर्च गर्नु हुन सुझाब दिईन्छ ।

७. नगरपालिकाबाट भुक्तानी भएका कतिपय बिलहरुमा आयकर ऐन २०५८, तथा नियमावली २०५९ र मूल्य अभिबृद्धि कर ऐन २०५२ ,मू.अ.क. नियमावली २०५३ को पूर्ण रुपमा पालना गरेको र कर दाखिला गर्नुपर्ने सबै बिलहरुको कर कट्टी गरेर दाखिला गरेको देखिएन । अतः उक्त ऐन नियमहरु अनुसार कर कट्टी गर्नुपर्ने करहरू कट्टी गरेर सम्बन्धित खातामा जम्मा गर्नुपर्ने र उल्लेखित ऐन नियमहरूलाई पूर्ण रूपमा पालना गर्नुपर्ने देखिन्छ ।

८. शहरी सुशासन तथा विकास कार्यक्रम (यूजिडीपी) तर्फ रोजिना श्रेष्ठ लाई प्रकृया पुरा नगरी सोझै इन्जिनियर पदमा नियुक्ती गरेको देखियो । प्रतिस्पर्धा गराई नियमानुसार नियुक्ती गर्नु पर्नेमा सो प्रकृया पुरा नगरेको देखियो । ई. रोजिना श्रेष्ठ लाई यातायात भाडा र खाजा खर्च भनेर दैनिक रु ५००।- भुक्तानी दिने गरेको देखियो । यस्ता कार्यहरु गर्दा नियमानुसार प्रकृया पुरा गरी गर्नु पर्ने देखिन्छ ।

९. पुर्वाधार तथा संरचना विकास तर्फको गो.भौ.नं.२८६ बाट मौरीपालन तालिमको संचालन उपभोक्ता समिति मार्फत नगरी व्यक्ति मार्फत गरेको, खाजाको दर नर्म भन्दा बढि भुक्तानी गरेको, तालिमको कार्यपत्र नराखि भुक्तानी गरेको देखियो । नियमानुसार नर्मस पालना गर्न र कार्यपत्र राखेर मात्र भुक्तानी दिनु हुन सुझाब दिईन्छ ।

१०. पूर्वाधार तर्फको योजनाको गुणस्तर जाँच गरी गुणस्तरको सुनिश्चित गर्नु पर्ने र मिति २०७१/९/३० गतेको २१ औं नगरपरिषदको निर्णय नं. ५० र ५१ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमाबली, २०६४, को नियम २०१ अनुसार सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सार्बजनिक परीक्षण गर्नु पर्ने व्यबस्था भए अनुसार सार्बजनिक परीक्षण गर्नका लागि सुझाब दिईन्छ ।

११. शहरी सुशासन तथा विकास कार्यक्रम (UGDP) तर्फको सम्पूर्ण योजनाको गुणस्तर जाँच गरी गुणस्तरको सुनिश्चित गर्नु पर्ने र २१ औं नगरपरिषदको निर्णय ५० र ५१ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमाबली, २०६४, को नियम २०१ अनुसार सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सार्बजनिक परीक्षण गर्नु पर्ने व्यबस्था भए अनुसार सार्बजनिक परीक्षण गर्नका लागि सुझाब दिइन्छ ।

१२. बालबालिकाको पूर्बाधार तर्फको योजनाहरुको ईष्टमेट र कार्य सम्पन्न प्रतिबेदन समलग्न राखि भुक्तानी दिनु पर्नेमा सामग्री खरिदको बिल बाट मात्र भुक्तानी दिएको देखिएकोले पूर्बाधार तर्फको योजनाहरुको ईष्टमेट र कार्य सम्पन्न प्रतिबेदन समलग्न राखि भुक्तानी दिनु हुन सुझाब दिईन्छ ।

१३. टोली संस्था लाई बालबालिका सम्बन्धि कार्यक्रम संचालनका लागि २०६८ सालमा सम्झौता गरी कार्यक्रम संचालन गर्न दिएको देखियो । प्रत्येक वर्ष यही संस्थालाई काम दिदै आएको तर के कति कारणले यही संस्था संग मात्र सम्झौता गरि कार्य गरिएको हो स्पष्ट हुन सकिएन । प्रतिस्पर्धा नगराई तथा कुनै निणर्य नगरि यसै संस्थालाई पत्रको आधारमा मात्र म्याद थप गरि कार्य गर्न दिएको देखिन्छ

। यसरी दिँदा पुन प्रतिस्पर्धा गराएर वा निणर्यको प्रकृया पु-याएर मात्र पुन कार्य गर्न दिन सझाव दिईन्छ ।

१४. एउटै प्रकृतिको सेवा खरीद गर्दा एकमुष्ट खरिद नगरी टुक्रयाएर खरिद गरेको देखियो । जस्तै बेगनासताल ओभरफ्लोमा वाटर स्पोट योजना, सोहि स्थानको बालउद्यान निर्माण योजना, तालचोक इन्जिनियरीङ सर्भेक्षण कार्य, लेखनाथ चोक इन्जिनियरीङ सर्भेक्षण कार्यहरुको डिजाईन ईष्टमेट जस्ता एउटै प्रकृतिको कार्यको लागि ५ लाख ९४ हजारको खर्च गरेको देखियो । एउटै प्रकृतिको कार्य गर्दा टुक्र्याएर रु १ लाख ५० हजार भन्दा कमको बनाई ४ वटा कार्य बनाएर सेवा खरिद गरेको पाईयो । सेवा खरीद गर्दा स्थानिय निकाय आर्थिक प्रशासन निमामबली, २०६४, को नियम ७७ अनुसार रु १ लाख ५० हजार भन्दा माथि रु १० लाख सम्मको निर्माण कार्य, मालसामान, सेवा, खरीद गर्दा सिलबन्दी दरभाउँ पत्र आब्हान गर्नु पर्ने व्यबस्था भएको, नियमानुसार गर्नका लागि सुझाब दिईन्छ ।